मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ३१५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ कात्तिक ४ गते बिहीवार (Thursday, October 21. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## झापामा राहतका लागि २ करोड २५ लाख

**झापा, कात्तिक ३।** झापाका बढी प्रभावितका लागि राहत स्वरुप दुई करोड २५ लाख रुपैयाँ बितरण गर्ने निर्णय गरिएको छ।

प्रति परिवार १३ हजार ५ सय रुपैयाँका दरले एक हजार ६ सय ६५ परिवारका लागि राहत स्वरुप दुई करोड २५ लाख रुपैयाँ बितरण गर्न लागिएको हो। तीन दिनदेखि परेको अविरल वर्षाका कारण क्षति पुऱ्याएको परिवारलाई सो रकम प्रदान गर्न लागिएको नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले बताए।

(बाँकी अन्तिम पृष्ठमा)

# प्रदेश १मा ५६ जनाको मृत्यु, किसानको वेहाल

## झापामा ३६१ परिवार विस्थापित, सरकारले पाँच लाखसम्म क्षतिपूर्ति दिने

**झापा, कात्तिक ३।** गत सोमवारदेखि अबिरल वर्षा हुँदा प्रदेश १ मा बाढी र पहिरोमा परी ५६ जनाले ज्यान गुमाएका छन्।

प्रदेश १ को पाँचथरमा सबैभन्दा धेरै २२ जनाले ज्यान गुमाएका छन् भने इलाममा १३ जनाको बाढी र पहिरोमा परी मृत्यु भएको १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ। प्रहरीका अनुसार पाँचथरको मिक्लाजुङ गाउँपालिकामा पहिरोमा परी २१ जनाको मृत्यु भएको छ भने ३ बेपत्ता भएका छन्। मिक्लाजुङको कुरुम्बा ५ मा मात्रै १५ जनाको मृत्यु भएको छ। त्यस्तै सोही गाउँपालिकाको १ र २ मा चार जनाले ज्यान गुमाएका छन् भने वडा नम्बर ४ रविका एक व्यक्तिलाई खोलाले बजाएर वेपत्ता बनाएको छ।

मिक्लाजुङ गाउँपालिकालकै ७ नम्बर वडा लिम्मामा पहिरोमा परी २ जनाको मृत्यु भएको छ। मंगलबार राति पहिरोमा पर्दा फिदिम नगरपालिका-४का दुई जनाको मृत्यु भएको छ। पहिरोकै कारण फाल्गुनन्द गाउँपालिकामा ३ जना र कुम्बायक गाउँपालिमा १ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

यता इलामका विभिन्न स्थानमा आएको बाढी र पहिरोले १३ जनाको ज्यान गएको छ। इलामको फाकफोकथुङ गाउँपालिकामा ७ जना, सूर्योदय नगरपालिकामा ३ जना, माङ्सेबुङ गाउँपालिकामा २ जना, माइनगरपालिकामा १ जना र देउमाई नगरपालिकामा खोलाले बगाउँदा १ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी उपरीक्षक महेन्द्र कुमार श्रेष्ठले जानकारी दिए।

उता धनकुटामा पहिरोले घर बगाउँदा सात जनाको मृत्यु भएको छ भने उदयपुरमा पहिरोमा परी दुई जनाको मृत्यु भएको १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरले जनाएको छ। बाढी र पहिरोमा परी सुनसरीमा पाँच जनाले ज्यान गुमाएका छन् भने मोरङ र भोजपुरमा एक/ एक जनाले ज्यान गुमाएको प्रहरीले जनाएको छ।

प्रदेश १ का धेरै स्थानमा विद्युत् सेवा अवरुद्ध भएकाले सम्पूर्ण विवरण प्राप्त हुन नसकिरहेको प्रहरीले जनाएको छ। पानी पर्ने क्रम अझै नरोकिएकाले प्रदेश १का विभिन्न स्थानमा बाढी र पहिरो गइरहेकाले मृतकको संख्या बढ्न सक्ने प्रहरीले जनाएको छ। प्रहरीले वर्षा नरोकिएकाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै सुरक्षित स्थानमा बस्न सर्वसाधारणलाई अपिल समेत गरिरहेको छ।





### घरवार विहिन भएकालाई सरकारले ३ देखि ५ लाख दिने

सरकारले अविरल वर्षाका कारण आएको बाढी तथा पहिरो कारण घर क्षति भएका परिवारलाई घर बनाउन ३ देखि ५ लाख दिने भएको छ।

केही बेरअघि सम्पन्न मन्त्रीपरिषद बैठकले विपद्बाट क्षति पुगेका घरको पुनर्निर्माण लागि सहयोग रहौँ उपलब्ध गराउने निर्णय गरेको गृहमन्त्री बालकृष्ण खाँणले जानकारी दिए। यसअघि बुधवार बिहान बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणको बैठकले तत्काल अस्थायी आवास निर्माणका लागि ५० हजार दिने निर्णय गरेको थियो।

प्रधानमन्त्री शेरबहादुर देउवाको अध्यक्षतामा बसेको प्राधिकरणको बैठकले विगत केही दिनदेखि परिरहेको वर्षाका कारण क्षति भएका घरको यकिन विवरण सङ्कलन गर्ने निर्णय पनि गरेको थियो।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले बैठकले तत्कालै अस्थायी आवास निर्माणका लागि ५० हजार प्रति परिवार उपलब्ध गराउने निर्णय गरेको र हालसम्म प्राधिकरणलाई विगत तीन दिनमा २० घरमा क्षति पुगेको विवरण प्राप्त भएको जानकारी दिए। घर भएर खाद्यान्न तथा लत्ता कपडाको समस्या भएकाहरु लाई समेत प्रतिपरिवार १५ हजार देखि २० हजार तत्काले दीने छ।

प्राधिकरणले गत वर्ष नै बनाएको कार्यविधि अनुसार विपद्जन्य प्रकोपबाट घर क्षति भएमा घर बनाउनका लागि हिमाली जिल्लामा ५ लाख, पहाडी जिल्लामा ४ लाख र तराइका जिल्लामा ३ लाख दिने उल्लेख छ।

यस्तै घर बनाउने स्थान नै असुरक्षित भएमा र अन्यत्र सर्नुपर्ने भएमा थप ३ लाख दिने प्राधिकरणले बनाएको कार्यविधिमा व्यवस्था छ।

सरकारले विपद्बाट धान बालीसहितका कृषि बालीमा पुगेको क्षति यकिन गरी कृषकलाई क्षतिपूर्ति उपलब्ध गराउनेसमेत निर्णय गरेको छ। यस्तै उद्धार र राहतका लागि राज्यका सम्पूर्ण संयन्त्र परिचालन गर्ने निर्णय पनि बैठकले गरेको छ।

### वर्षाले झापामा ३६१ परिवार विस्थापित

लगातार वर्षाका कारण जिल्लाका विभिन्न स्थानका ३६१ घरपरिवार विस्थापित भएका छन्। उनीहरुलाई सामुदायिक भवन, विद्यालय, रेडक्रस, चर्चलयागतका सुरक्षित स्थानमा सारिएको छ।

कनकाई, विरीङ र मेची नदीमा आएको बाढी पसेर गौरीगञ्ज, झापा गाउँपालिका, शिवसताक्षी र भद्रपुर नगरपालिकाका केही बस्ती डुबानमा परेका हुन्। डुवान क्षेत्रमा रहेका परिवारका सुत्केरी, बालबालिका र ज्येष्ठ नागरिकलाई सुरक्षाकमी र जनप्रतिनिधिले सुरक्षित स्थानमा सारेको प्रमुख जिल्ला

(बाँकी अन्तिम पृष्ठमा)

## उत्तराखण्डमा ४७ जनाको मृत्यु

**उत्तराखण्ड, कात्तिक ३।** भारी वर्षाका कारण आएको बाढी-पहिरोमा परी भारतको उत्तरखण्डमा ४७ जनाको मृत्यु भएको छ।

कुमाऊ क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ। कुमाऊमा मात्रै बाढीसँग सम्बन्धित घटनामा ४२ जनाले ज्यान गुमाएका छन्।

अविरल वर्षाले सयौं घरहरू भत्किएका छन्। कैयौं मानिस बाढीमा फसेका छन्। कैयौं बेपत्ता छन्। जनजीवन अस्तव्यस्त भएको छ। अहिलेको विध्वंशले सन् २०१३ को त्रासदीको याद दिलाएको जनाएको छ।

नैनीतालको राज्यका बाकी भागसँगको सम्पर्क टुटेको छ। दिल्लीसँग जोड्ने रेलवे लाइनको एक भाग क्षतिग्रस्त भएको छ। हेलिकोप्टरबाट मानिसको उद्धार कार्य भइरहेको जनाइएको छ।

## तत्काल उद्धार र राहतमा लाग्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं, कात्तिक ३।** प्रधानमन्त्री शेरबहादुर देउवाले बाढी, पहिरो र डुबानबाट हराइरहेकाको उद्धार, प्रभावितलाई राहत तथा घरबारविहीनको पुनःस्थापनामा लाग्न निर्देशन दिनुभएको छ।

संघीय मन्त्री, विभिन्न प्रदेशका मुख्यमन्त्री, नेपाल सरकारका सचिव, सुरक्षा अधिकारी सहभागी आजको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को आठौं बैठकलाई




सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले विपद् व्यवस्थापनमा बजेटको अभाव हुन नदिन अर्थ मन्त्रालयलाई समेत निर्देशन दिएका हुन्।

प्रधानमन्त्री देउवा उक्त परिषद्का अध्यक्ष समेत हुन्। बैठकमा अर्थ मन्त्रालयबाट बजेट व्यवस्थापनमा कुनै कमी हुन नदिने प्रतिबद्धता आएको छ। पैसा रकमान्तर गरेरै भए पनि राहत,

(बाँकी अन्तिम पृष्ठमा)

## लाखौं ठग्ने सुरुङ्गाका निलम काठमाडौंमा पक्राउ



**झापा, कात्तिक ३।** तनहुँको शुक्लागण्डकी नगरपालिका-३ की ३० वर्षीया दुर्गा पौडेल न्यौपानेलाई राष्ट्रिय अनुसन्धान विभागको अनुसन्धान अधिकृतमा जागिर लगाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा झापाका एक व्यक्ति पक्राउ परेका छन्।

कनकाई नगरपालिका-३ घर भइ हाल चाबहिल बस्दै आएका ३५ वर्षीय निलम भट्टराई लाई महानगरीय अपराध अनुसन्धान महाशाखाले पक्राउ गरेको हो।

महाशाखाका प्रहरी उपरीक्षक कृष्ण कोइरालाका अनुसार न्यौपानेलाई उनले आफू राष्ट्रिय अनुसन्धान विभागको उच्च अधिकृत भएको बताउँदै जागिर लगाइदिने प्रलोभन दिएका थिए।

'उनले चलचित्र क्षेत्र र नेपाल टेलिभिजनको पत्रकार समेत रहेको बताउँदै राष्ट्रिय अनुसन्धानमा जागिर लगाइदिने प्रलोभन दिएको उजुरी परेको छ'- कोइरालाले भने- 'जागिर लगाइदिन उनले १५ लाख रुपैयाँ माग गरेका थिए र प्रलोभनमा १४ लाख ५० हजार रुपैयाँ लिइसकेको खुलेको छ। रकम लिएपछि उनले जागिर पक्का भयो भन्दै ४५ दिने तालिमका लागि सिन्धुली जानुपर्ने बताएका थिए।

तर, काठमाडौं आएर सम्पर्क गर्दा भट्टराई सम्पर्कविहीन बनेका थिए। त्यसपछि महाशाखाका उजुरी परेको कोइराला बताउँछन्।

## सय दिनमा सरकारले के-के गऱ्यो ?

**काठमाडौँ, कात्तिक ३।** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सरकारको नेतृत्व सम्हालेको बुधवार १०० दिन पुगेको छ।

यस अवधिमा पूर्ववती सरकारले छाडेर गएको अन्यौलग्रस्त विसङ्गती र अस्थिरताबाट मुलुकलाई मुक्ति दिलाउने गहन जिम्मेवारीका साथ वर्तमान सरकारले मुख्य गरी विकास, शान्ति र सुव्यवस्था तथा सुशासन कायम गरी अघि बढ्नका लागि आधारशीला खडा गरेको महशुस भएको छ।

यो अवधिमा सरकारले गरेका धेरै कार्यमध्ये कोभिड-१९ को रोकथाम तथा नियन्त्रण उल्लेखनीय देखिएको छ। देउवा सरकारले आफ्नो प्रमुख प्राथमिकतामा राखेर कोरोनाको रोकथाम, नियन्त्रण र उपचार गरेपछि अहिले कोरोना सङ्क्रमण लगभग नियन्त्रणको चरणमा पुगेको छ। पछिल्लो तथ्याङ्कले कोरोना नियन्त्रण उन्मुख भएको पुष्टि समेत गरेको छ। एकैदिन तीन लाख मात्रासम्म खोप लगाउन सक्नुलाई पनि सफलताको मापन मान्न सकिन्छ।

प्रतिनिधिसभामा विश्वासको मत पाएलगत्तै प्रधानमन्त्री देउवाले नेपाली नागरिकलाई कोभिड-१९ को प्रकोपबाट जोगाउने सरकारको पहिलो प्राथमिकता हुने उद्घोष गरेका थिए। सरकारले आगामी चैतसम्म खोप लगाउन योग्य सबै नेपाली नागरिकलाई खोप दिइसक्ने प्रतिबद्धतासमेत जनाएको छ। सरकारले

(बाँकी अन्तिम पृष्ठमा)


## VACANCY ANNOUNCEMENT

**Newton's Education Academy** Announces Teachers' Vacancy for the following post:

| S. No. | Subject | Level | Qualification | Expe. |
|---|---|---|---|---|
| 1 | Mathematics | Lower secondary level | B.Sc | 2 years |
| 2 | Social Studies & Human Value Education | Lower secondary level (VI) | B.A | 2 years |
| 3 | Science & Mathematics | Primary Level | Bachelor with +2 Science | 2 years |

1. Nepalese citizens with fluency in English language is a must for Mathematics.
2. Nepalese citizens with fluency in English as well as Nepali language is a must for Social Studies & Human Value Education
3. Good computer operating knowledge is highly preferable.
4. Last date of submission of the testimonials along with an application 4th Kartik 2078.

**Note: Applicant's also can apply via email newtonschool102@gmail.com**

**Newton's Education Academy**
Birtamode-05, Jhapa | Phone No. 9842623904, 9849607029
Email: newtonschool102@gmail.com

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

**दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि**
**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**
**नोटः प्रत्येक शनिवार MD डाक्टरको सेवा पनि रहेको छ।**

## द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. को शेयर सदस्यहरुलाई अन्तिमपटक सक्रिय बन्न अनुरोधसहित यो सूचना

२०७८।०७।०४

आदरणीय शेयर सदस्यज्यूहरु यो संस्थाको सदस्य बनी विगत ३ वर्ष देखि कुनै कारोबार नगर्नुभएका निष्कृय सदस्यहरुलाई २०७८ पौष मसान्त सम्म सक्रिय भई नियमित मासिक बचत समेत सञ्चालन गर्न अनुरोध गरिन्छ। २०७८ पौष मसान्त सम्म पनि सकृय नबन्ने सदस्यहरुको दायित्वलाई भुक्तानी दिनुपर्ने हिसाबमा राखी सदस्यको सूचीबाट नाम हटाउने संस्थाको दसौ साधारणसभाबाट निर्णय भएको हुँदा संस्थामा सम्पर्क राखी नियमित मासिक बचतसहितको नियमित कारोबार सञ्चालन गर्नुहुन अनुरोध गरिन्छ। अन्यथा दशौ साधारणसभाको निर्णय अनुसारको प्रक्रिया शुरु गरिने यसै सूचनामार्फत जानकारी गराइन्छ।

**द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-५, बेलडाँगी रोड, झापा
फोन नं. ०२३-५८५८५५, केर्खा सेवा केन्द्र ४७५२५६, सुरुङ्गा सेवा केन्द्र ५५०५२७

## बैंकको ब्याजदर बढ्दै

**झापा, कात्तिक ३।** बैंक तथा वित्तीय संस्थाले आफूखुशी ब्याजदर बढाउन थालेपछि यसलाई नियन्त्रण गर्न राष्ट्र बैंकले निर्देशन जारी गरेको छ ।

वाणिज्य बैंकहरूले निक्षेपमा अधिकतम ११ दशमलव ६७ प्रतिशतसम्म ब्याज दिने घोषणा गरेसँगै राष्ट्र बैंकले ब्याजदर असाधारणरुपमा बढ्न नदिन निर्देशन जारी गरेको हो ।

केन्द्रीय बैंकले मंगलबार जारी गरेको निर्देशनानुशार बैंक तथा वित्तीय संस्थाले जुनसुकै निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा अघिल्लो महिना प्रकाशित ब्याजदरमा बढीमा १० प्रतिशतका दरले मात्र परिवर्तन गर्न सक्नेछन् ।

त्यस्तै संस्थागत मुद्दति निक्षेप (बोलकबोलसमेत) मा प्रदान गरिने अधिकतम् ब्याजदर सर्वसाधारणलाई मुद्दति निक्षेपमा दिने अधिकतम ब्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले कम हुनुपर्ने निर्देशनमा उल्लेख छ ।

राष्ट्र बैंकले कात्तिक महिनाका लागि सार्वजनिक भएका ब्याजदरसमेत उल्लेखित व्यवस्था बमोजिम नभएको भए संशोधन गरी कात्तिक ३ गतेभित्र आफ्नो बेवसाइटमार्फत सार्वजनिक गरी लागू गर्न र ५ गतेभित्र दैनिक पत्रिकामा समेत प्रकाशित गर्न निर्देशन दिएको छ ।

राष्ट्र बैंकको निर्देशन अनुसार अब बैंकले गत असोज महिनाको ब्याजदरका तुलनामा बढीमा १० प्रतिशतले वृद्धि गरी यही कात्तिकको लागि नयाँ ब्याजदर निर्धारण गर्न सक्नेछन् । असोज महिनाका लागि सनराइज बैंकले निक्षेपमा अधिकतम् १० दशमलव शून्य सात प्रतिशत ब्याज दिएको थियो । राष्ट्र बैंकको निर्देशन अनुसार अब सनराइज बैंकले मुद्दति निक्षेपमा कात्तिक महिनामा अधिकतम् ११ दशमलव शून्य शून्य सात प्रतिशतसम्म ब्याज दिन सक्नेछ ।

तरलता अभावले लगानीयोग्य रकममा समस्या आएको जनाउँदै धेरै बैंक वित्तीय संस्थाले चालु आर्थिक वर्षको दोस्रो त्रैमासिकको पहिलो दिन नै दोहोरो अङ्कले ब्याज बढाएका थिए ।

# कोरोना संक्रमण बढ्दै, तिहारमा निषेधाज्ञा होला ?



**झापा, कात्तिक ३।** दशैँको चहलपहलसँगै कोरोनाभाइरस सङ्क्रमण दरमा पनि वृद्धि देखिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दैनिक सार्वजनिक गर्ने तथ्याङ्क हेर्दा पाँच दिनअघि अर्थात् असोज ३० गते १४७ जना नयाँ सङ्क्रमित फेला परेका थिए ।

त्यसको चौथो दिन अर्थात् कात्तिक २ गते १,०९६ जना नयाँ सङ्क्रमित थपिएको मन्त्रालयको तथ्याङ्क छ । मन्त्रालयका प्रवक्ता डा. कृष्णप्रसाद पौडेलका अनुसार दशैँअघि सङ्क्रमण दर पाँच प्रतिशतको हाराहारीमा रहेकोमा मंगलवार १० प्रतिशत पुगेको हो । प्रवक्ता पौडेल भन्छन्- एक-दुई दिनका तथ्याङ्क हेरी सङ्क्रमण दर फेरि बढ्न थालेको भनेर निष्कर्षमा पुग्न सकिँदैन । तर, चाडबाडका बेला आवतजावत लगायतका गतिविधि बढ्दा सङ्क्रमण दर चाहिँ बढेको हुन सक्छ ।

चाडबाडका बेला रोकिएका पीसीआर र एन्टिजन परीक्षणका नतिजाहरू एकैपटक आउँदा सङ्क्रमित बढेको हुन सक्ने सम्भावना पनि उनले औँल्याए ।

प्रवक्ता पौडेलका अनुसार सङ्क्रमणको पछिल्लो प्रवृत्तिबारे निष्कर्षमा पुग्न अबका केही दिनको तथ्याङ्को विश्लेषण गर्नुपर्ने हुन्छ । सङ्क्रमण सम्बन्धी दुई-चार दिनयताको तथ्याङ्क हेर्दा खासगरी काठमाडौं उपत्यकामा तिहारका बेला निषेधाज्ञा लागु हुन सक्छ कि भन्ने कतिपयले आशङ्का गर्न थालेका छन् ।

**तिहारमा निषेधाज्ञा जारी होला ?**

काठमाडौं उपत्यकाका तीन जिल्ला प्रशासनहरू 'पर्ख र हेर' को नीति लिएको देखिन्छ ।

भीडभाड नगर्न र जनस्वास्थ्यका मापदण्ड पालना गर्न अपील गरिएको भए पनि त्यस्तो हुन नसकेको महसुस गरेको काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजाल बताउँछन् । तिहारका बेला निषेधाज्ञा लागू होला त भन्ने जिज्ञासामा उनले भने- अब छिट्टै नै जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठक बसेर तिहार र छठको सन्दर्भमा थप सङ्क्रमण फैलिन नदिनका लागि कस्तो रणनीति अपनाउने भन्नेबारे टुङ्गोमा पुग्छौं । ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्याय दशैंका बेला सङ्क्रमण बढ्न सक्ने आकलनका आधारमा सकेसम्म कम आवतजावत गर्न आफूहरूले अपील गरेको स्मरण गर्छन् । सङ्क्रमणको अवस्था हेरेर स्वास्थ्य मन्त्रालयसँग समन्वय गरी भावी अवस्थाको विश्लेषण र आँकलनका आधारमा आगामी कदम चालिने उनले बताए ।

**'जनजीवन ठप्प हुँदैन'**

सङ्क्रमणको प्रवृत्तिको विश्लेषण गरेर उपत्यकाका तीनवटै जिल्लाले एकसाथ आवश्यक नीति अपनाउनुपर्ने आवश्यकता भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रुद्रादेशी शर्मा औँल्याउँछिन् ।

तर, जनजीवन र आर्थिक गतिविधिलाई पूर्ण रूपमा ठप्प नै पार्ने गरी कदम नचालिने उनले सङ्केत गरिन् । कुनै ठाउँमा बढी सङ्क्रमण छ भने हामीले स्थानीय तहसँग समन्वय गरी स्थानविशेषलाई केही गतिविधिलाई नियन्त्रण गर्नुपर्ने हुन सक्छ- शर्माले भनिन् । एक हप्ताको हामी प्रवृत्ति विश्लेषण गर्छौं र छलफल गरी निर्णयमा पुग्छौं । दशैं मनाएर गाउँ-गाउँबाट मानिसहरू अहिले सहर फर्कन थाल्ने क्रम शुरू भएको छ । मानिसहरू ओहोरदोहोर गर्ने क्रमसँगै अबका केही दिनभित्र सङ्क्रमणको वास्तविक चित्र आउन सक्ने विज्ञहरूले बताएका छन् ।

## कंगना 'एक्सन गर्ल'



पछिल्लो रिलिज फिल्म 'थालाइवी' फ्लप भएपछि बलिउड अभिनेतृ कंगना रनौत केही तनावमा थिइन् । उनले निकै अपेक्षा गरेको फिल्मले दर्शकको साथ नपाएपछि उनी आत्तिएकी हुन् ।

तर, आउँदो फिल्ममा उनी एक्सन गर्लको रूपमा दर्शक समक्ष आउने भएकी छन् । पछिल्ला केही सोसल ड्रामा जनरका फिल्ममार्फत दर्शकमाझ आएकी कंगनाले 'धाकड' मार्फत दर्शकलाई एक्सन देखाउनेछन् । उनको मुख्य भूमिकामा रहेको एक्सन जनराको फिल्म 'धाकड' आउँदो वर्ष सन् २०२२ को अप्रिल ८ मा रिलिज हुनेछ ।

उनी धाकडमा विभिन्न १० किसिमका लुक्समा देखिने बताइएको छ । पूर्ण रूपमा एक्सन जनरामा रहेको फिल्ममा कंगनाले एजेन्टको भूमिका निभाएकी छन् । यसका कारण उनले आफ्नो लुक्स पटक-पटक परिवर्तन गर्ने र फिल्मभर विभिन्न १० वटा लुक्समा देखिने बताइएको छ ।

## 'चुरिफुरी' पुस ९मा

फिल्म 'चुरिफुरी' ले रिलिज मिति घोषणा गरेको छ । यो फिल्म आउँदो पुस ९ गते देखि प्रदर्शन हुने भएको छ । मंगलबार चलचित्र पत्रकार संघ नेपाल, दाङ शाखाले तुलसीपुरमा आयोजना गरेको साक्षात्कार कार्यक्रमबाट निर्देशक ऋषिराज आचार्यले फिल्मको रिलिज डेट घोषणा गरेका हुन् ।

कार्यक्रममा बोल्दै निर्देशक आचार्यले कोरोनाले मोनोटोनस भएका दर्शकलाई फ्रेस बनाउन औषधिको काम फिल्म 'चुरिफुरी'ले गर्ने दावी गरे ।

साथै निर्देशक आचार्यले कोरोनाले थिलोथिलो परेको नेपाली फिल्म क्षेत्रलाई चलायमान बनाउन विषेश गरी निर्माता, प्रदर्शक र वितरक मिलेर जानुको विकल्प नरहेको समेत बताए ।




आचार्यले चलचित्र विकास बोर्डले पनि सुरुको केही समयका लागि फिल्म प्रदर्शन सम्बन्धि आकर्षक राहतको प्याकेज ल्याउनुपर्ने जसले गर्दा करोडौंको लगानी गरेका फिल्म मेकरहरु पनि फिल्म रिलिज गर्न अग्रसर हुने वातावरण सृजना हुने बताए ।

सोसल कमेडी जनरामा निर्माण तयार भएको 'चुरिफुरी' मा रबिन्द्र झा, सुबोध गौतम, राजिब जङ्ग बस्नेत, अभिषेक श्रेष्ठ, शिशिर भण्डारी, पवन खतिवडा, पुजा पन्त, सोना बज्राचार्य, दिपक आचार्य, सुरबिर पण्डित, सुनिता श्रेष्ठ, राजेन्द्र खाती, जोया ढकाल, ऋतु आचार्य लगायतका कलाकारको अभिनय रहेको छ । दीपक शर्माको संगीत तथा राहुल राईको छायांकन रहेको फिल्मलाई नवीन निरौलाले सम्पादन गरेका छन् । निर्देशक आचार्य र रिना ढकाल ( भण्डारी) निर्माता र विमला भुसाल, राजेन्द्र खाती एवम् शिव थापा सह-निर्माता रहेको फिल्मलाई डीसीएनले वितरण गर्नेछ ।

### सय दिनमा ...

१८ वर्षमुनिका बालबालिकालाई समेत खोप दिइने सुनिश्चितता गरेको छ ।

छोटो अवधिमै वर्तमान सरकारले सफल खोप कूटनीतिमार्फत एक करोड ५० लाख खोप व्यवस्थापन गर्नुका साथै लक्षित नागरिकमध्ये ३२ दशमलव ६ प्रतिशतलाई पूर्ण खोप लगाउन सफल भएको छ । सरकारले सन्तुलित 'नेपाल पहिला' परराष्ट्र नीति, लगानीमैत्री वातावरणको सिर्जना, निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आर्थिक स्थिरता कायम, कोभिडको मारमा परेका उद्योगी-व्यवसायीलाई राहत प्याकेज, प्रभावकारी रुपमा कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलगायत महत्वपूर्ण काम गरेको छ ।

यसैगरी चुस्त सुरक्षा व्यवस्था, प्रभावकारी रुपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, राजस्व सङ्कलनमा उल्लेख्य वृद्धि, स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्ने कार्यविधि तथा कोष तयार, विद्युतीय लाइन विस्तार तथा विद्युत्‌को पहुँचमा वृद्धि, सडक तथा यातायातको पहुँच विस्तार, देशभर निःशुल्क कानूनी सहायता प्रदान गर्ने कानूनी मस्यौदा तयारलगायतका कार्यमा पनि सन्तोषजनक काम भएका छन् ।

वर्तमान सरकार गठन भएको छोटो समयमै सबै स्थानीय तहलाई इन्टरनेट सञ्जालमा जोडिएको, विद्युतीय माध्यमबाटै कर विवरण हेर्न तथा भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको, सरकारी कागजातको 'डिजिटल अर्काइभिङ' सुरु गरिएको, दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षाका लागि 'डिस्टेन्स लर्निङ' को प्रक्रिया शुरु गरिएको छ ।

यस्तै क्यान्सर, मिर्गौला र स्पाइनल इन्जुरीका बिरामीलाई मासिक रु पाँच हजार भत्ता दिने निर्णय, अतिविपन्न गरिब घर परिवारलाई प्रतिघर परिवार रु. दश हजारका दरले राहत दिने घोषणा, युवा विद्यार्थी लक्षित 'पढ्दै कमाउँदै' कार्यक्रम र नारी समुदाय लक्षित 'महिला पहिला' कार्यक्रम घोषणा, साफ च्याम्पियनसिपमा उपविजेता बन्न सफल राष्ट्रिय फुटबल टिमका खेलाडीलाई प्रोत्साहनस्वरुप जनही रु. पाँच लाख दिने घोषणालाई पनि वर्तमान सरकारका सकारात्मक कदमका रुपमा लिन सकिन्छ ।

कोरोनाको खोपसँगै अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकमीलाई तुरुन्त जोखिम भत्ता उपलब्ध गराउने कदमलाई पनि सकारात्मक रुपमा लिन सकिन्छ । यो निर्णयले मुलुकभरका स्वास्थ्यकमीको मनोबल उच्च गराउने काम गरेको छ ।

कोरोनाबाट प्रभावित अर्थतन्त्रलाई पुनःरुत्थान गर्न सरकारले साझा न्यूनतम कार्यक्रममार्फत विशेष प्याकेज पनि सार्वजनिक गरिसकेको छ ।

सरकारले सीमित स्रोत, साधन र जनशक्तिले बाढी, पहिरो तथा डुबानमा परेका जनताको उद्धार, राहत तथा पुनः निर्माणमा गरेको काम, जनताको समृद्धिका लागि सरकारको साझा न्यूनतम् कार्यक्रममार्फत अघि बढाएका कार्यक्रम र योजनाको कार्यान्वयन चरण, राष्ट्रिय हितमा आधारित परराष्ट्र नीति महत्वपूर्ण कार्यक्रम हुन् ।

हाम्राभन्दा पनि योग्य र राम्रा मान्छे छानेर महत्वपूर्ण निकायमा नियुक्ति प्रक्रियाको थालनी भएको छ । सरकार गठनको प्रारम्भमै भएका त्यस्ता निर्णयले विकास एवम् सुशासनका लागि जनमानसमा सकारात्मक सन्देश गएको छ ।

आन्दोलनमा घाइते भई यथोचित उपचार नपाएकाको उपचार व्यवस्था, अङ्गभङ्ग भएकालाई क्षतिपूर्ति र परिवारका एक जनालाई रोजगारीको व्यवस्था गर्ने योजना अघि बढेको छ । सङ्कटग्रस्त उद्योग, पर्यटन व्यवसाय, सञ्चार, यातायात जस्ता क्षेत्र र श्रमजीवी, विपन्न, बेरोजगार आदिको उत्थानका लागि विशेष आर्थिक प्याकेजको व्यवस्था गर्ने कार्यक्रमले कोभिड सङ्कटले थला परेका बेला अर्थतन्त्रले सन्तोषको सास फेर्ने वातावरण सिर्जना भएको छ । कोरोनाबाट प्रभावित पेसा/व्यवसाय र सर्वसाधारणका लागि कार्यक्रम अनुसार बजेट विनियोजन भइसकेको छ ।

युवा विद्यार्थी लक्षित 'पढ्दै कमाउँदै' कार्यक्रम र नारी समुदाय लक्षित 'महिला पहिला' कार्यक्रम समेत घोषणा भएको छ । यो कार्यान्वयनमा आएपछि विद्यार्थी र महिलाका लागि उद्यमशीलताको ढोका खुल्ने मात्र होइन सँगसँगै आत्मनिर्भरता पनि वृद्धि गर्नेछ । यसरी नै अफगानिस्तानमा तालिवानको पुनरोदयपछि सङ्कटमा परेका आफ्ना नागरिकलाई समयमै सकुशल उद्धार गर्न सरकार सफल भएको छ ।

खासगरी विकास निर्माण र मुलुक समृद्धिको आधार तय गर्नुका साथै पूर्ववती सरकारका गतिविधिले सङ्कटमा परेको संविधान, संसद् र लोकतन्त्रलाई सही ट्र्याकमा ल्याउनु नै यस सरकारको प्रमुख उपलब्धिका रुपमा लिन सकिन्छ ।

वर्तमान सरकारले आर्थिक कूटनीतिका माध्यमबाट नेपालमा खोप भित्र्याएको मात्र नभएर वैदेशिक लगानीका लागि पनि लगानीमैत्री वातावरण निर्माणको नीति लिएको छ । उता सन्तुलित र सफल परराष्ट्र नीतिका लागि सरकार अग्रसर भएको छ । जस्तो कि अघिल्लो सरकारका समयमा सहज बन्न नसकेको देखिएको नेपाल भारत सम्बन्धमा सुधारका प्रयास सरकारले थालेको छ । यसका लागि भारतीय जनता पार्टीको विदेश विभागका प्रमुख विजय चौथाइवालेको नेपाल भ्रमण होस् या भारतीय सत्तारुढ दल भाजपाको निमन्त्रणामा हालै नेपाली कांग्रेसका सहमहामन्त्री डा. प्रकाशशरण महतको नेतृत्वको नेपाली कांग्रेसको टोलीले भारतको भ्रमण गरेको विषयलाई पनि लिन सकिन्छ ।

परराष्ट्रमन्त्री डा. नारायण खड्का र चिनियाँ विदेशमन्त्री वाङ यीबीच मङ्गलबार मात्र द्विपक्षीय फोनवार्ता भएको छ । त्यस क्रममा नेपाल चीन सम्बन्धका धेरै आयामका साथै व्यापार र अन्य साझेदारीका विषयमा पनि कुराकानी भएको छ । यसलगत्तै हिजो नै चीनले नेपाललाई अनुदान स्वरुप कोरोनाविरुद्धको २० लाख डोज खोप दिने प्रतिबद्धता सार्वजनिक गरेको छ । यसरी नेपाल सरकारले भारत र चीनसँग असल छिमेकी सम्बन्धका रुपमा अघि बढ्ने नीति अख्तियार गरेको छ ।

### तत्काल ...

उद्धार तथा पुनःस्थापनामा परिचालन गरिने जनाइएको छ ।

परिषद् बैठकले हराइरहेकाको खोजी गरी उद्धार, राहत तथा पुनःस्थापना कार्यक्रमलाई तीव्रता दिने निर्णय पनि गरेको परिषद्का सदस्यसचिव तथा विपद् व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेलले जानकारी दिए । पछिल्लो तीन दिनमा अकल्पनीय दुर्घटना भएका छन् र यसका कारण विपद् भोग्नुपरेको छ, त्यो विपद्‌को सामना गर्न, तत्काल उद्धार राहत र पुनःस्थापनका लागि तुरुन्तै फिल्डमा जान प्रधानमन्त्रीको निर्देशन छ, सम्माननीय प्रधानमन्त्री आफैँ पनि जाने जानकारी दिनुभएको छ- सदस्यसचिव पोखरेलले भने- समूह बनाएर भोलिबाटै परिचालन हुनेछौँ ।

राजमार्ग, विद्युत्, टेलिफोन सेवा सञ्चालन गर्न तत्कालै कार्य अघि बढाउने निर्णय पनि बैठकले गरेको छ । त्यसका लागि छुट्टै कोषको व्यवस्थापन गरी पुनःस्थापन र पुनःनिर्माण अघि बढाइनेछ ।

उनका अनुसार धेरै धानबालीसमेत नष्ट भएकाले प्रारम्भिक क्षतिको आकलन गरी किसानलाई राहत दिने निर्णय पनि गरिएको छ । क्षतिको विवरण सङ्कलन गरेपछि मात्रै राहत कति दिने भन्ने निर्णय गरिने उनले जानकारी दिए । विवरण सङ्कलनको जिम्मा कृषि मन्त्रालयलाई दिइएको छ ।

सेनाको हेलिकोप्टर मात्रै पर्याप्त नभएकाले निजी क्षेत्रबाट समेत हेलिकोप्टर प्रयोग गर्ने निर्णय पनि भएको बैठकपछि पत्रकारसँगको कुराकानीमा सदस्यसचिव पोखरेलले जानकारी दिए ।

विस्थापितहरुलाई अहिले पनि सार्वजनिक स्थान, स्कूलमा व्यवस्थापन गरिएको छ । त्यहाँ खाने सामलको अभाव रहेकाले आपूर्ति मन्त्रालयमार्फत व्यवस्थापन गर्ने निर्णय पनि भएको छ ।

अस्थायी सेल्टर निर्माणका लागि तत्काल रु. ५० हजार दिने विगतको कार्यविधिअनुसार काम अघि बढाइएको छ । विभिन्न १५ जिल्लामा राजमार्ग अवरुद्ध भएकाले खोल्ने काम सुरु भएको जनाइएको छ ।

जलवायु परिवर्तनका कारण यस्ता विपद्का घटना भएकाले अन्तर्राष्ट्रिय फोरममा यस विषयलाई जोडदार आवाज उठाउनुपर्ने कुरामा बैठकमा छलफल भएको थियो । प्राप्त विवरण अनुसार विभिन्न १९ जिल्लामा ५२ जनाको मृत्यु भएको पोखरेलले जानकारी दिए । अझै ३० भन्दा बढी हराइरहेका छन् । ठाउँ-ठाउँमा टेलिफोन सम्पर्क विच्छेद भएकाले अझै पनि क्षतिको विवरण आउन मुस्किल भइरहेको जनाइएको छ ।

### झापामा ...

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनासहित सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि र नेपाल रेडक्रस सोसाइटीका पदाधिकारीहरुले बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी यस्तो निर्णय गरेको ढकालको भनाइ छ । बाढी प्रभावित क्षेत्रको अबस्था बारे पालिकासँग समन्वय गर्दै अनलाइनमार्फत दर्ता गरेका परिवारले सो राहत रकम पाउने छन् । विशेषगरी कनकाई नदीको तटीय क्षेत्रमा बसोवास गर्ने परिवारलाई 'वल्ड फुड प्रोग्राम' मार्फत राहत बितरण गर्न लागिएको प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले जानकारी दिए ।

### प्रदेश १मा ...

अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए ।

अझै पनि आफ्नो सम्पत्तिको सुरक्षा नहुने भन्दै गौरीगञ्ज-१ होक्लाबाडीस्थित डुबान क्षेत्रका कतिपयले सुरक्षित स्थानमा जान नमानेपछि डुबान क्षेत्रमा बिहानैदेखि प्रजिअ तिम्सिनासहित, रेडक्रस झापाका सभापति लोकराज ढकाल, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक सानुराम भट्टराई, सशस्त्र प्रहरी २ नम्बर गणका प्रहरी निरीक्षक रमेशकुमार पाण्डे, चारआली श्रीनाथ गणका गणपति अमरजङ्ग थापालगायतको टोली पुगेको छ ।

टोलीले उनीहरुलाई सम्झाइबुझाइ गरेर सुरक्षित स्थानमा सार्ने र विस्थापित परिवारलाई चिउरा, दालमोठ, मुरै, बिस्कुटलगायतका खानेकुरा स्थानीय तहको समन्वयमा वितरण गर्ने काम गरिरहेको छ । सुरक्षित स्थानमा सारिएका सबैलाई खाना पकाएर खुवाउने स्थिति छैन- प्रमुख जिल्ला अधिकारी तिम्सिनाले भने- पालिका आफैंले ड्राइफूडको व्यवस्था गरेर खाने व्यवस्था मिलाएको छ ।

डुबान क्षेत्रमा पानीको मात्रा घट्दै गए पनि पहाडी क्षेत्रमा परेको पानीका कारण खोलानालामा पानीको बहाव नघट्दा समस्या भइरहेको उनले बताए । उनले डुबान क्षेत्रका सबै परिवारलाई सुरक्षित स्थानमा सार्नुको तत्काल विकल्प नरहेको बताए ।


## राष्ट्रिय जनगणना-२०७८
## मेरो गणना-मेरो सहभागिता

- **जनगणनामा विशेष गरी**
  - **अल्पसंख्यक समुदाय, देश दूरदुराज र पिछडिएका क्षेत्रमा बसोबास गर्ने मानिस, आमसञ्चारको पहुँचबाट पर रहेका समुदाय, रोजगारीको लागि अत्यधिक व्यस्त रहनुपर्ने व्यक्तिहरु छुट्ने सम्भावना धेरै हुन्छ ।**

**त्यसैले**

- **आफ्नो घर, टोल, छिमेक, वस्ती, समुदाय आदिमा कोही छुटेको थाह पाइएमा पैसा नलाग्ने फोन नम्बर ११७८ मा फोन गरी जानकारी दिऊँ ।**

**गणना गर्ने अवधि : कात्तिक २५ गतेदेखि मंसीर ९ गतेसम्म**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## सामान खरिद सम्वन्धी शिलवन्दी दरभाउ-पत्रको सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०७८।०७।०२**

**यस आयोजनाको आ.व. २०७८।०७९मा वृक्षारोपण तथा वृक्षारोपण संरक्षण कार्य गर्नको लागि तपशिल बमोजिमका सामानहरु शिलवन्दी दरभाउ-पत्र प्रक्रियाबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक उद्योग, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस आयोजना कार्यालय, केर्खा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, ववरमहल काठमाडौंबाट दरभाउ पत्र फाराम खरिद गरी ८ औं दिन (बिदा भए साको भोलिपल्ट) कार्यालय समयभित्र पेश गर्न सक्नेछ । विस्तृत जानकारीको लागि आयोजना कार्यालय केरखा, झापामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।**

**तपशिल :**

| क्र.सं. | विवरण | परिमाण | लगत अनुमान (भ्याट बोहक) | कैफियत |
|---|---|---|---|---|
| १ | ग्याल्भानाइज्ड ४ X ४ X १२ गेजको काँडेदार तार (काँडेतार) | ४६४०.० के.जी. | ४,३१,५२०।- | |
| २ | ८ गेजको युनेल | १५७.० के.जी. | १४,७५८।- | |
| ३. | साधा काँटी ३ र ४ इन्र्चको | २५.० के.जी. | २३५०।- | |

**रतुवामाई बृक्षारोपण आयोजना, केर्खा, झापा**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

**पूर्वाञ्चल**

**सम्पादकीय**

# तत्काल उद्धार र राहतमा जुट

**नेपालीको ठूलो चाड दशैं नसकिँदै चार दिनदेखिको बेमौसमी भारी वर्षाले देशभर अकल्पनीय क्षति पुर्‍याएको छ । लगातारको वर्षाका कारण बाढी, पहिरो र डुबानमा परी कैयौंको ज्यान गएको छ, कैयौं घरबारविहीन बनेका छन् भने भण्डारणको समयमा वर्षभरी खाने अन्न (धानबाली)मा देशभर नै ठूलो क्षति पुर्‍याएको छ । दशैंको बेलाको यो विपत्तीले देश शोक र चिन्तामा डुबेको छ । काटेर पाजा लगाएको धान काम नलाग्ने भएको छ भने काट्ने बेला भएको बाली हावाले लडाएर 'पटा लगाए झैं' बनाइदिएको छ, त्यसमाथि डुवानले धानबाली काम नलाग्ने अवस्थामा पुर्‍याएको छ । यसबाट कृषकहरु चिन्ता र समस्यामा परेका छन् । भौतिक क्षति उत्तिकै छ, कतिपय ठाउँमा हवाइ र सडक यातायात समेत अवरुद्ध बनेको छ । वर्षापछिको बाढी । डुबान, पहिरोले नेपाली जनजीवन अस्तव्यस्त बनेको छ ।**

**अक्टोबरमा भएको भारी वर्षा १२ वर्षयताकै उच्च भएको बताइन्छ । बंगालको खाडी र मध्यभारतमा रहेको न्यून चापीय प्रणालीमा पश्चिमी वायुको बलियो प्रभाव थपिएपछि आइतबारदेखि लगातार पानी पर्‍यो । मनसुन सकिएको साताअघि घोषणा गरिएको थियो । घोषणाको साता नपुग्दै देशभर व्यापक जनधन क्षति हुने गरी भारी वर्षा भयो । विज्ञहरूको विश्लेषण छ– मनसुनका बेला र मनसुनपछि वर्षाको चरित्र बदलिएको हो । मनसुनका करिब एक सय दिनलाई विश्लेषण गर्दा पनि वर्षाको चरित्र बदलिएको पुष्टि हुने विज्ञहरू बताउँछन् । मनसुनपछि पनि बाढीजन्य विपद् निम्तिएकाले मनसुन अवधिभर सञ्चालन भएको बाढीको पूर्वसूचना सेवालाई कात्तिकसम्मै विस्तार गर्नुपर्ने पाठ अहिलेको बेमौसमी गतिविधिले सिकाएको छ । जलवायु परिवर्तन सम्बन्धी विभिन्न वैज्ञानिक अध्ययनहरूले पनि केही वर्षयता वर्षाको चरित्र बदलिएको र चरम मौसमी गतिविधिहरू बढेको देखाएका छन् । वैज्ञानिक अनुसन्धानले औद्योगिक क्रान्तियता १.१ डिग्री सेल्सीयसले तापक्रम बढेको देखाएको छ । संयुक्त राष्ट्रसंघ अन्तर्गतको जलवायु परिवर्तन सम्बन्धी अन्तर सरकारी संस्था (आईपीसीसी)ले अहिलेकै किसिमले कार्बन उत्सर्जन कायम रहे सन् २०४० अगावै विश्वको तापक्रम १.५ डिग्री सेल्सीयसले बढ्ने चेतावनी दिएको छ । हिमालय क्षेत्र, हिमताल, हिमनदी पग्लिने र अनियन्त्रित डढेलो तथा आरीघोप्टे वर्षा जस्ता चरम मौसमी गतिविधि बढेको आईपीसीसीको प्रतिवेदनमा उल्लेख छ । त्यसैले पनि अहिलेको मौसमी बदलावलाई जलवायु परिवर्तनसँग जोडेर हेर्नुपर्ने बताइन्छ । मनसुन सकिसकेपछि पनि अहिलेका जस्ता घटनाहरू विरलै हुन्छन् । यस्ता अतिजन्य मौसमी घटनाहरू जलवायु परिवर्तनकै कारण बढोत्तरी भएको विज्ञहरुको निष्कर्ष छ । बुधबारदेखि हाल विकसित प्रणाली कमजोर बन्दै जाने भएकाले बिहीबारदेखि मुलुकभरको मौसममा सुधार हुँदै जाने बताइएको छ । अनुमान मिलेमा अब थप क्षति व्यहोर्नु नपर्ने अपेक्षा गर्न सकिन्छ । यद्यपि अहिले क्षति व्यहोरेकाहरुलाई के गर्ने, कसरी मल्हमपट्टी गर्ने भन्ने प्रश्न गम्भीर छ ।**

**यतिबेला सबै काम थाति राखेर विपत्तीमा परेकाहरुको उद्धार र राहतमा जुट्नुको विकल्प छैन । अकल्पनीय जनधनको क्षति व्यहोरेका नेपालीका लागि तीन तहका सरकारले के गर्लान् ? प्रश्न यतिबेला पेचिलो बनेको छ । नागरिकहरु सामाजिक सञ्जाल लगायतका माध्यमबाट सरकारको खबरदारी गर्दै राहत मागिरहेका छन् । नागरिकलाई अभिभावक भएको आभाष दिलाउन सरकार समक्ष आग्रह गरिहेका छन् तर आफन्त गुमाएका, विस्थापित भएका, खेतीबाली नष्ट भएका, जोखिममा रहेकालाई के गर्ने भनेर सरकारले ठोस निर्णय र प्रष्ट कार्यक्रम ल्याउन सकेको छैन । आम नागरिकलाई अभिभावक भएको अनुभूति दिलाउन सरकारले ढिलाइ गर्नुहुन्न । दुःखमा परेका र पीडितहरुलाई तत्काल मल्हमपट्टी गर्न तीनै तहका सरकार अग्रसर हुनुपर्छ । साथै सम्भावित विपत्तीबाट थप क्षति हुन रोक्न सचेतता र सावधानी अपनाउन जरुरी छ ।**

## कलीन पावल

# जसले नेपाल–अमेरिकाबीचको सम्बन्धलाई नयाँ उचाइ दिए

चन्द्रशेखर अधिकारी

नेपालको भ्रमण गरेका एकमात्र अमेरिकी पूर्व विदेशमन्त्री कलीन पावलको निधन भएको छ। कोभिड-१९ संक्रमणका कारण ८४ वर्षको उमेरमा उनको निधन भएको हो। पावलको निधनसँगै २०५८ माघमा उनले गरेको नेपाल भ्रमण मानसपटलमा छचल्किन पुग्यो। भ्रमणको बेला उनले सञ्चारकर्मीसामु गरेको सम्बोधन आतंकवादविरुद्ध थियो। सशस्त्र द्वन्द्वको सामना गरिरहेको नेपाललाई अमेरिकाले सहयोगको हात अघि बढाएको थियो।

सन् २००१ को सेप्टेम्बर ११ मा ट्वीनटावरमा आतंकवादी हमलापछि विक्षिप्त भएको अमेरिकालाई आतंकवादसँग लड्ने विषयमा नेपाल सरकारको ऐक्यबद्धता सराहनीय छ भन्दै उनले सम्बोधनमा भनेका थिए- 'नेपाल पनि आतंकवादसँग जुधिरहेको छ। हामी नेपाललाई थप सहयोग र साथ दिनेछौं।'

माओवादी द्वन्द्व उत्कर्षमा थियो। पावलले आतंकवादसँग लड्न नेपालले देखाएको ऐक्यबद्धताको खुलेर प्रशंसा गर्दै हौसला दिएका थिए। 'आतंककारीलाई पत्ता लगाउ, परास्त गर र खत्तम गर (फाइन्ड देम, फाइट देम एण्ड फिनिस देम)। यसको विकल्प छैन।'

तत्कालीन समयमा पावल भारत र पकिस्तानको भ्रमण सकेर एकदिने भ्रमणका लागि नेपाल आएका थिए। २०५८ माघ ५ मा नेपाल आएका उनले राजा र प्रधानमन्त्रीसँग वार्ता गरेका थिए। पावलपछि नेपालमा कुनै पनि अमेरिकी विदेशमन्त्रीको भ्रमण हुन सकेको छैन। हाम्रै छिमेकमा अमेरिकाबाट उच्चस्तरीय भ्रमण हुँदा पनि नेपाललाई भुल्ने गरिएको छ। छिमेकी भारतले त्यतिबेला नेपाललाई दिँदै आएको हातहतियार समेत रोकेको अवस्थामा विश्व शक्तिको यो ढाडसले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार निकै उत्साहित बनेको थियो। अहिले पावलको निधन हुँदा पनि उनै देउवा पाँचौं पटक माओवादी समेतको समर्थनमा गठबन्धन सरकारको प्रधानमन्त्री छन्।

देउवा माओवादीको समर्थनमा दाम्रो पटक प्रधानमन्त्री बनेका हुन्। माओवादीसँगको शान्ति वार्तापछि लामो समय सत्ता बाहिर रहेका देउवालाई २०७४ सालमा माओवादीकै समर्थनमा चौथो पटक प्रधानमन्त्री बन्ने मौका प्राप्त भएको थियो अर्थात् कुनै समय माओवादीसँग लडेर उक्त शक्तिलाई परास्त गर्न कस्सिएका देउवाले फेरि माओवादीकै समर्थनमा पटक-पटक सत्तारोहण गरे।

माओवादीको दबदबा बढिरहेको अवस्थामा अमेरिकाले साथ दिँदै तत्काल सक्न भनेका थिए। माओवादीलाई आतंककारीको सूचीमा राखेर सक्ने (फिनिस गर्ने) नीति नै सरकारले लिएको थियो र त्यसमा अमेरिकाले साथ दिएको थियो। ०५८ मंसीरमा दाङमा नेपाली सेनाको ब्यारेकमा आक्रमण गरेर शान्तिवार्ता भंग गरेर माओवादी अघि बढेपछि तत्कालीन सरकारले त्यस्तो नीति लिएको थियो। सरकारले संकटकाल नै लगाएर माओवादीलाई आतंककारीको सूचीमा दर्ज गरेको थियो। विदेशमन्त्री पावलले माओवादीविरुद्ध सरकारी कारबाहीमा ऐक्यबद्धता जनाउँदै थप सहयोगको आश्वासन मात्र होइन नेपाललाई एम-१६ जस्तो अत्याधुनिक हतियार दिने प्रतिबद्धता नै व्यक्त गरेका थिए।

तत्कालीन समयमा नेपाल द्वन्द्वको कठोर मारबाट गुज्रँदै थियो। सशस्त्र द्वन्द्व उत्कर्षमा पुग्दै गर्दा नेपालको सुरक्षा खर्च राष्ट्रिय बजेटको १७ प्रतिशत नाघेको थियो। द्वन्द्वका कारण विकास निर्माण प्रभावित भएपछि सरकारले नेपाली सेनामार्फत् इन्टिग्रेडेट सेक्युरिटी डेभलपमेन्ट प्रोग्राम (आइएसडीपी) सञ्चालन गरेको थियो। यसको उद्देश्य विकास निर्माणसहित शिक्षा, स्वास्थ्य, सञ्चार लगायतका संरचना माओवादीले कब्जा नगरुन् भन्ने थियो।

ट्रुमनको समयमा नेपाल र अमेरिकाबीच द्विपक्षीय सम्बन्ध स्थापना भएको थियो। दक्षिण एसियामा भारतसँगभन्दा पहिला नेपालले अमेरिकासँग द्विपक्षीय सम्बन्ध स्थापना गरेको हो। हुन पनि अमेरिकाका राष्ट्रपति रोनाल्ड रेगनले त नेपाललाई गोलार्द्धको अर्को कुनामा रहेको छिमेकी मुलुक नेपाल भनेका थिए। राजा वीरेन्द्रको भ्रमण हुँदा भनेको उक्त शब्दलाई पावलले काठमाडौंमा दाहोर्‍याएका थिए। नेपाल अमेरिकाको महत्वपूर्ण मित्र मुलुक हो। 'यो मुलुक दूरीको हिसाबमा टाढा होला, मनले छिमेकमा नै छ' -काठमाडौंमा पावलले भनेका थिए।

ट्वीनटावरमा आक्रमण हुने बित्तिकै तत्कालीन प्रधानमन्त्री देउवाले तत्काल मन्त्रिपरिषद्को विशेष बैठक राखेर आतंकवादको घोर भर्त्सना गरेका थिए। अमेरिकाले पछिसम्म पनि आतंकवादका सम्बन्धमा नेपालको धारणालाई लिएर प्रशंसा गर्दै आएको थियो भने नेपाललाई अन्तर्राष्ट्रिय फोरममा साथ दियो।

पावलको त्यो भ्रमण नै अमेरिकाको विदेशमन्त्रीको पहिलो र पछिल्लो भ्रमण हो। त्यसअघि रिचर्ड निक्सनको समयमा अमेरिकी उपराष्ट्रपतिबाट भएको भ्रमण नै अहिलेसम्मको उच्चस्तरीय भ्रमण हो। सन् १९४७ मा नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्धको २३ वर्षपछि अर्थात् १९७० मा अमेरिकी उपराष्ट्रपति स्पाइरो एग्नेउ नेपाल आएका थिए।

राजा महेन्द्रले दुईपटक र राजा वीरेन्द्रले एकपटक अमेरिकाको राजकीय भ्रमण गरेका थिए। यसपछि नेपालबाट राष्ट्र प्रमुख स्तरमा पनि अमेरिका भ्रमण भएको छैन। राजा महेन्द्रले त दक्षिण एसियाली राष्ट्र/सरकार प्रमुखहरू मध्ये नै पहिलो पटक अमेरिकी दुबै सदनमा सम्बोधन गरेका थिए। त्यो चानचुने थिएन। भारतका तत्कालीन नेता जहरवारलाल नेहरूको लागि यो निकै अर्थ राख्ने विषय थियो।

अवस्थामा कलीन पावलको भ्रमण भएको र उसले नेपालमा एम-१६ हतियार दिने निर्णय लिएको हो। भारतले त्यतिबेला माओवादीको सशस्त्र आन्दोलन रहेको र सेनालाई अत्याधुनिक हतियार दिएको खण्डमा त्यो हतियार माओवादी (आतंककारी)ले खोस्ने र भारतको सुरक्षामा थ्रेट हुने तर्क गर्दै नेपाललाई हतियार नदिन आग्रह गरेको थियो। यो प्रसङ्ग भारतबाट नेपालतर्फ राजदूत भएकाहरूले लेखेको पुस्तकमा समेत उल्लेख छ। तर, माओवादीले केही हतियार नेपाली सेना र प्रहरीबाट लुटे पनि अधिकांश भारतबाट ल्याएको हो भन्ने कतै छिप्दैन। कलीनको भ्रमणपछि नै त्यतिबेला देउवाले अमेरिकाको भ्रमण गरेका थिए। उनी २०५९ बैशाखमा देउवा अमेरिका पुगेका थिए।

देउवा मात्र त्यस्ता प्रधानमन्त्री हुन्, जसले त्यहाँ ठूलो सम्मान पाएका थिए। उनलाई अमेरिकी राष्ट्रपतिको कार्यालय ओभल अफिसमा स्वागत गरिएको थियो।



एग्नेउको भ्रमणपछि अमेरिकाका तर्फबाट पावलले विदेशमन्त्रीको हैसियतमा गरेको भ्रमण नै उच्चस्तरीय भ्रमण हो। हुन त फस्ट लेडी हिलारी क्लिनटले नेपाल भ्रमण गरिन्। त्यसअघि नै द्विपक्षीय सम्बन्ध स्थापित लगत्तै ट्रुमनको समयमा प्रथम महिला श्रीमती ट्रुमन पनि नेपाल भ्रमणमा आएकी थिइन्। तर, अमेरिकी उपराष्ट्रपति एग्नेउ र पछि पावलको भ्रमणले नेपाल र अमेरिकाबीचको सम्बन्धलाई उचाइ दिएको थियो।

पावलको भ्रमणका क्रममा उनीमात्र एकजना मित्र मुलुकको सरकारका प्रतिनिधि हुन्, जसले नेपाली सेनाको मुख्यालय भ्रमण गरेका थिए। त्यहाँ उनले नेपाली सेनाका जनरलसँग दुई पक्षीय वार्ता समेत गरेका थिए। सेनासँग अमेरिकी सहकार्यको केही सम्झौता त्यहीबेला भएको थियो। अहिले पनि सेना र अमेरिकी सम्बन्धलाई बाहिरबाट नियाल्ने गरिन्छ।

पावलको भ्रमणले कूटनीतिक वृत्तमा नेपालको उचाइ बढाएको थियो। भारतले विश्वशक्ति अमेरिका र बेलायतलाई नेपाललाई हतियार नदिन भनिरहेको देउवालाई दिएको सम्मान पहिले डा. तुलसी गिरीले पाएका थिए भनिन्छ। त्यसपछि नेपालबाट प्रधानमन्त्री तहमा त्यस्तो भ्रमण हुन सकेको छैन।

परराष्ट्रमन्त्रीको रूपमा प्रदीप ज्ञवालीले मात्र औपचारिक भ्रमण गरेका हुन। त्यसैले नेपाललाई अमेरिकाले सम्बन्ध राख्दा तिब्बत छुट्टै हुँदैदेखि हो। यहाँ तिब्बतको लागि सम्बन्ध राखेको भन्ने भ्रम पनि छरिएको पाइन्छ, जुन गलत हो। कुनै रणनीति पछि विकास भए होलान्। तर, विगतमा तिब्बत छुट्टै हुँदैदेखि विगत सात दशक अघिदेखि नेपाल र अमेरिकाबीच प्रगाढ कूटनीतिक सम्बन्ध रहँदै आएको छ।

तत्कालीन समयमा मल्टिफाइबर एग्रीमेन्टको समाप्तिसँगै नेपालले तयारी पोशाकको अमेरिकी बजार कायमै राख्न अमेरिकासँग बजार पहुँचको सुविधा खोजीरहेको थियो। अमेरिकाले नेपाललाई शून्य भन्सार सुविधा (ड्युटी फ्री, कोटा फ्री)सहितको बजार पहुँच बढाउन पर्ने भयो भन्ने जिज्ञासामा पावलले व्यंग्यमिश्रित अभिव्यक्ति दिएका थिए- 'विदेश मन्त्रालयले यही विषयमा नै धेरै उत्तर दिन पर्ने रहेछ। यसमा नै काम गर्न पर्ने रहेछ।' त्यसपछि लामो हाँसो चल्यो अनि उनले भनेका थिए- 'हामीले सक्ने गर्छौं। नेपाललाई विशेष ग्राह्यता प्रणाली (जीएसपी) अन्तर्गत सुविधा बढाएको थियो।'

उनी नेपाल आउँदा अमेरिकामा नेपालबाट कार्यवाहक राजदूत थिए- डा. दिनेश भट्टराई। उनी स्मरण गर्छन्- 'त्यतिबेला प्रधानमन्त्री देउवाले ट्वीनटावरमा हमला हुँदा मन्त्रिपरिषद्को विशेष बैठक राखेर आतंकवादको भर्त्सना गरेका कारण सद्भाव बाँड्न र ऐक्यबद्धता व्यक्त गर्न कोलिन नेपाल आएका थिए। यो हाम्रो लागि साँच्चिकै अमेरिकी सद्भाव र मित्र भाव नै थियो।'

तत्कालीन उपप्रधानमन्त्री कमल थापा ०७२ सालमा एउटा सन्दर्भमा भएको भेटवार्तामा विदेशमन्त्री जोन केरीले सन् २०१६ भित्र नेपाल भ्रमण गर्ने बताए पनि उनी भारतबाटै फर्किए, नेपाल आएनन्। थापाकै शब्दमा यो भेट अमेरिकाका लागि नेपाली राजदूत डा. अर्जुन कार्कीको महत्वपूर्ण भूमिका छ। 'कार्की बाहेक अरु राजदूत भएको भए केरीसँग भेट सहज थिएन' भनेर उनले भनेका छन्।

ओबामापछि निर्वाचित डोनाल्ड ट्रम्प नेतृत्वका विदेशमन्त्रीले नेपालमा होइन अमेरिकातर्फ नै पहिलो पटक नेपालका परराष्ट्रमन्त्रीको औपचारिक भ्रमण गराएका थिए। त्यसमा पनि अमेरिकाका लागि नेपाली राजदूत कार्कीको भूमिका महत्वपूर्ण रह्यो। तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले आफ्ना समकक्षी माइक पोम्पिओसँग अमेरिकामा भेटवार्ता गरेका थिए। अमेरिकाले लामो समयदेखि नेपालप्रति सदिच्छा र सहृदयता राख्दै आएकोमा सन् २०१७ मा नेपाललाई ५० करोड अमेरिकी डलरको अनुदान सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) मार्फत् नेपालमा विद्युत् प्रसारणलाइन र सडक स्तरोन्नतिका लागि उपलब्ध गराउने सम्झौता भएको छ।

उक्त सहयोग परिचालनका लागि एमसीसीसँगको सहयोग सम्झौता संसद्बाट अनुमोदन गराउनुपर्नेमा ज्ञवालीको दल तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)भित्रको विग्रहका कारण एमसीसी सम्झौता अनुमोदनमा ढिलाइ भएको यथार्थ हाम्रासामु विद्यमान छ। अहिले गठबन्धनको तर्फबाट पनि एमसीसी सम्झौता अनुमोदनका सम्बन्धमा कुनै पनि ठोस धारणा आएको छैन। अमेरिकासँगको अनवरत मित्रवत् र न्यानो सम्बन्धमा अहिले आएर खलल पुर्‍याउने प्रयास नेपालका केही राजनीतिक दलहरूले पर्दा पछाडिबाट गरिरहेका छन्।

वास्तवमा एमसीसी अन्तर्गतको सहायता नेपाललाई गरिबीबाट मुक्त गर्ने पावलको बचन मुताविक नै आधार तय भएको थियो भन्दा हुन्छ। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ओभल अफिसमा स्वागत गर्दा तत्कालीन राष्ट्रपति जर्ज डब्लु बुसले सहस्राब्दी विकास लक्ष्य हासिल गर्न अमेरिकाले सघाउने बचन दिएका थिए। अहिले अमेरिकामा जो बाइडेनको सरकार छ। उनका विदेश मन्त्रीले नेपाल भ्रमण गर्छन् कि गर्दैनन् भन्न सकिन्नँ। तर, पावलको भ्रमण र तत्कालीन समयमा भएको वार्ता अझै स्मरणमा छ। पावलले नेपाललाई गरिबीबाट मुक्त गराउन सकेमा आतंकवाद अन्त्य हुने बताएको स्मरण गर्छन्- तत्कालीन परराष्ट्र सचिव मधुरमण आचार्य।

पावलले पछिसम्म पनि नेपालको विषयमा आउँदा बोल्थे र नेपाललाई अमेरिकाले सहयोग गर्न पर्ने बताउँथे। उनले पछि माओवादी शान्ति प्रक्रियामा सामेल भएको विषयले आफू अचम्भित भएको पनि बताउने गर्थे। सैन्य पृष्ठभूमिका पावलले नेपाली सेना र अमेरिकी सेनालाई नजिक ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। *इकागज*

# गृहिणीमा बढेको तनाव यसरी कम गरौं

घरका सबै सदस्यहरूको हेरविचार गर्ने गृहिणी (हाउस वाइफ) तपाईंको आमा वा श्रीमती वा भाउजु नै हुनुहुन्छ होला। उनी घरभित्रै बसेर परिवारका सबै सदस्यहरूको सेवामा बिहानदेखि बेलुका अबेरसम्म अहोरात्र लागीरहेकी हुन्छिन्। उनको एउटै ध्याउन्न के हुन्छ भने मेरो घरका कुनै पनि सदस्यलाई कुनै किसिमको समस्या नपरोस् भन्ने नै हुन्छ।

परिवारका प्रत्येक सदस्यलाई खुशी बनाउने क्रममा कहिलेकाहीँ उनीहरू आफैं आवेगमा समेत आउँछन्। यस्तो अवस्थामा घरका सबै सदस्यले उनलाई नै गलत सोचिरहेका हुन्छन्। यदि बाँकी सदस्यले आज घरको आमा वा श्रीमती वा भाउजु किन तनावमा आउनु भयो भनेर कमै सोच्छन्।

कामकाजी महिलाहरूको हकमा हेर्ने हो भने उनीहरू कामका लागि घरबाट बाहिर निस्कन्छन्। घरभित्रको तनाव भुल्न अफिस वा बाहिरका साथीभाइ भेटेर समस्या बाँडेर हलुङ्गो पार्छन्। तर, घरभित्रै बस्ने गृहिणीले यो अवसर पाउँदिनन्। यस्तो अवस्थामा उनलाई अरू महिलाको तुलनामा बढी नै तनाव भइरहेको हुन्छ।

गृहिणी महिलालाई धेरै किसिमको तनाव हुने गर्छ। यस्तो अवस्थामा उनीहरू तनावकै कारण एक्लै बस्न रुचाउने खालका हुन्छन्। घरभित्रको तनाव बढ्दै गएमा उनीहरू मिलाउने अवस्थामै हुन्छन्। तर, विवाद नसुल्झिने अवस्थामा पुग्यो भने उनीहरू पारपाचुके, आत्महत्या गर्ने वा मानसिक समस्याका बिमारी समेत हुन सक्छन्। यस्तो किसिमको समस्याबाट जुधिरहेका गृहिणीहरूलाई क्लिनिकल साइकोलोजिस्टहरुले घरभित्रको तनावलाई व्यवस्थापन गर्ने केही उपायहरू सुझावको रूपमा दिएका छन्।



**आफ्नो इच्छालाई पूरा गर्ने**

धेरै महिलाहरू विवाहपछि घर परिवारका कारण आफूले विवाह अगाडि राखेका रहरहरू बिर्सिंदै जान्छन्। घरकै बढी कामकाजले उनीहरूले आफ्ना पुराना रहरहरूलाई चाहेर पनि पूरा गर्न भ्याइरहेका हुँदैनन्। यदि घरको कामले तनाव हुन्छ भने आफ्नो पुराना रहरलाई पूरा गर्नेतर्फ लाग्नु पर्छ। यस्ता कामले आत्मविश्वास बढ्नुका साथै तनाव पनि कम हुँदै जान्छ।

**समस्याको पहिचान**

घरमै बसेर लामो समय काम गर्ने गृहिणीहरूले आफूलाई के कारणले बढी समस्या भइरहेको छ भन्ने कुरा थाह पाउनु पर्छ। आफूलाई यही कारणले गर्दा बढी समस्या भइरहेको छ भन्ने लाग्छ भने उक्त समस्यालाई कसरी हटाउने भन्ने विषयमा काम गर्नुपर्छ। यो विषयमा घरका सदस्यहरूसँग पनि सल्लाह लिनु राम्रो हुन्छ।

**नयाँ साथी बनाउने**

घरको कामले कुनै गृहिणीलाई बढी नै तनाव हुन्छ भने आफ्नो घर वरिपरिका व्यक्ति, छिमेकीलाई साथी बनाउन सकिन्छ। नयाँ व्यक्तिसँग कुराकानी गर्दा तनाव धेरै कम हुन्छ।

**आफ्नो लागि समय निकाल्ने**

गृहिणी भएकै कारण दिनभर घरकै काम गरिरहनुपर्छ भन्ने पनि हुँदैन। यस्तो अवस्थामा आफूले आफ्नो लागि समय निकाल्ने गर्नुपर्छ। यस्तो बेलामा सकारात्मक कुराहरू सोच्ने बानी बसाल्ने, पुस्तकहरू पढ्ने गर्दा पनि घरभित्रको तनावलाई भुल्न सकिन्छ।

**केही कुरालाई छोड्ने**

गृहिणी भएको कारण घरको सबै समस्याहरूको समाधान आफू एक्लैले गर्नुपर्छ भन्ने हुँदैन। कतिपय काम र समस्या आफूले समाधान गर्न नसक्ने किसिमका पनि हुन्छन्। यस्ता किसिमका कामलाई जबरजस्ती समाधान गर्छु भन्नुभन्दा त्यसै छोडिदिनु नै उत्तम हुन्छ।

**आफ्नो बारेमा सोच्ने**

अधिकांश गृहिणीलाई घरको कामबाट तनाव हुन्छ भने आफ्नो बारेमा पनि सोच्नु पर्छ। आफ्नो बारेमा सोच्दा अनावश्यक तनाव हुँदैन। सोच्ने भनेको अहिले जुन अवस्थामा रहेको घरलाई अझ राम्रो कसरी बनाउने भन्ने जस्ता विषयमा सोचियो भने गृहिणीले आफ्नो मानसिक तनावलाई कम गर्न सक्छिन्।

# छोरी कृतिमाको जन्मोत्सवमा महेन्द्र–ज्योति गिरीद्वारा पत्रकार उपचार कोषलाई एक लाख ११ हजार



**बिर्तामोड, कात्तिक ३।** सामाजिक अभियन्ता महेन्द्रकुमार–ज्योति गिरीले छोरी कृतिमाको जन्मोत्सवको अवसरमा नेपाल पत्रकार महासंघ झापा शाखाद्वारा स्थापित पत्रकार सहारा उपचार कोषलाई एक लाख ११ हजार एक सय ११ रुपैयाँ प्रदान गरेका छन् ।

गिरी परिवारले मंगलबार पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष विष्णु निष्ठुरी, झापा शाखाका अध्यक्ष एकराज गिरी र पूर्व अध्यक्ष कृष्ण हुमागाँईलाई बिर्तामोड–४ स्थित आफ्नै निवासमा आयोजित कार्यक्रममा उक्त रकमको चेक प्रदान गरेका हुन् ।

हाल काठमाडौंको ग्लोबल कलेज कक्षा ११ मा अध्ययनरत् कृतिमाको जन्मोत्सव कात्तिक ५ गते हो । आफ्नो जन्मोत्सवको अवसर पारी झापाली पत्रकारहरुको हितमा माता–पिताले सहयोग गरेकोमा खुशी व्यक्त गर्दै उनले आफ्नो रुची पनि समाजसेवा रहेको बताइन् ।

सामाजिक अभियन्ता तथा सहारा नेपाल साकोसका कार्यकारी प्रमुख महेन्द्रकुमार गिरीले आफ्नो कमाईको केही अंश सामाजिक र परोपकारी काममा खर्च गर्ने सोच अनुसार पत्रकारको दीगो हितका लागि स्थापित उपचार कोषमा सहयोग प्रदान गरिएको बताए । लक्ष्य अनुसार कोषलाई छिट्टै एक करोड रुपैयाँ बनाउन जोड दिँदै उनले आफ्नो तर्फबाट अझ सहयोग गर्ने बताए ।

पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष विष्णु निष्ठुरीले पत्रकारको दीगो हितका लागि झापामा उदाहरणीय कार्य भएको भन्दै सहयोगका लागि गिरी परिवारलाई धन्यवाद दिए । झापा शाखाका पूर्व अध्यक्ष कृष्ण हुमागाँईले गिरी परिवारले गरेको सहयोग झापाली सञ्चार क्षेत्रका लागि महत्वपूर्ण भएको बताउँदै एक पटकका लागि कोषमा सहयोग गरिदिन सबैमा आग्रह पनि गरे । कार्यक्रमको सहजीकरण महासंघका उपाध्यक्ष केशव भट्टराईले गरेका थिए ।

रकम हस्तान्तरण कार्यक्रममा पत्रकार महासंघ झापाका कोषाध्यक्ष रञ्जित प्रसाई, सदस्य विनोद पाण्डे, पत्रकारहरु रमेश तिवारी, सन्तोष न्यौपाने, विजय बराल लगायतको सहभागिता थियो । महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखिएको छ । कोषको व्याजबाट पत्रकारहरु विरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ ।

पत्रकार महासंघ झापाका अध्यक्ष गिरीका अनुसार कोषमा हाल ४६ लाख रुपैयाँ जम्मा भइसकेको छ । कोषमा सहयोग जुट्नेक्रम जारी छ । आफूले झैं अरुले पनि जन्मोत्सव, विवाह उत्सव तथा पितृको स्मृति जस्ता सन्दर्भमा केही रकम योगदान गर्ने हो भने कोषलाई एक करोड रुपैयाँ बनाउन सहयोग पुग्ने सामाजिक अभियन्ता गिरीले बताएका छन् ।

महासंघ झापा शाखाले संघ–संस्था, सहकारी, बैंक, दाता सबै क्षेत्रलाई एकपटक पत्रकारको दिगो हितका लागि स्थापना भएको उपचार कोषमा सहयोग गर्न आहवान गरेको छ । एकका लागि एक अभियानका संयोजक, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य लगायत विभिन्न क्षेत्रमा आवद्ध गिरीले यसअघि कनकाई घाटमा निर्माण हुने ऐतिहासिक स्तम्भका लागि पिता बमबहादुरको स्मृतिमा एक लाख पाँच हजार रुपैयाँ प्रदान गरेको कनकाई घाट संस्थाका अध्यक्ष प्रभाखर कडरियाले बताए ।

# वर्षाले धानबाली नष्ट



☐ **उमानाथ भण्डारी**

**कमल, कात्तिक ३।** केही दिनदेखि अविरल रुपमा परेको वर्षाका कारण धानबाली नष्ट भएको छ ।

किसानले वर्षभरी खाने खाद्यान्य धानबाली वर्षका कारण नष्ट गरेको हो । झापा लगायत तराईका मोरङ, सुनसरी जिल्लामा लगाएका धान बाली पानीले नष्ट गरेको हो । यतिबेला किसानले धान काटर पाँजा लगाएका थिए । कतिपय किसानले पाँजा लगाएको धान उठाउन तमतयार थिए । काट्न आँटेको धान समेत हावासहित परेको वर्षका कारण ढलेर सोत्तर भएको छ ।

झापाको शिवसताक्षीमाका स्थानीय सीता गुरुङ्गको करिब एक विगाहमा लगाएको धानको पाँजा पानीमा डुबेको छ । धानको पाँजा उठाएर कुन्यू लगाउने दिन नै पानी परेकाले पाँजा लगाएको धान खेतमै डुबेको बताए ।

कृषकले वर्ष खानका लागि तयार भएको धान बाली खेतमै उम्रिन थालेको छ । ‘अष्टमीको दिन काटेको धान पाँजा सुके पनि उठाउन लाग्दा अचानक पानी पऱ्यो’ – उनले भने– ‘भोलि घाम लाग्ला र उठाउँला भनेको, झन् ठूलो पानी पऱ्यो, सबै धान अहिले पानीमा डुबेको छ ।’

त्यसैगरी शिवसताक्षी–११ कि सीता गुरुङ्गले करिब एक विगाह जमिनमा लगाएको धान समेत वर्षाले नष्ट गरेको छ । किसानले पाँजा उठाएर खेतमा कुन्यू लगाएको धान समेत पानीमा छ । खेतमा पानी जमेपछि कुन्यू नै पानीमा डुबेको हो ।

शिवसताक्षी–११ का हरि चौधरी, टिका लिङ्गिम, हरि घिमिरेको धान पनि पानीले डुबाएको छ । उनीहरु प्रतिनिधि पात्र मात्र हुन् । अधिकांश किसानको धान पानीले नष्ट गरेको छ । झापाका मेचीनगर, बिर्तामोड, झापा, कन्काई, गौरीगञ्ज, गौरादह, कमल, हल्दिबारी, कचनकवल लगायतका क्षेत्रमा केही दिनदेखि मुसलधारे पानी परेको छ ।

उठाउन ठिक्क पारेको धानको पाँजा पानीले चुर्लुम्मै डुबाएपछि किसानहरू चिन्तित बनेका छन् । यतिबेला असार श्रावण महिनामा लगाएको धान किसानले घरमा भित्र्याउने समय हो । गएको वर्षहरुभन्दा यसवर्ष समय नै पानी परेकाले धान बाली निकै राम्रो र सबै किसानको धान फलेको थियो । तर, हावा हुरीसँगै आएको पानीले सबै नष्ट गरिदिएको छ ।

झापामा मुसुली, बास्मती लगायतका धान अली ढिलो पाक्ने गर्दछ । तर, अगुवा धान सुख्खा ३, चैते २, गोरखनाथ, मिथिला लगायतका धानहरु छिटै पाक्ने गर्दछन् । किसान हिउँदे सब्जी छिटै निकाल्ने खेतमा र डाँडो खेतमा भने सुख्खा ३, चैते २, जस्ता छिटै पाक्ने धान लगाउने गरेका छन् ।

# मेचीपारी गाउँमा चितुवा आतंक



**भद्रपुर, कात्तिक ३।** भारतीय नाकासँग जोडिएको मेचीपारी गाउँमा चितुवाले घरपालुवा जनावर खान थालेपछि स्थानीय त्रसित बनेका छन् ।

भद्रपुर–३ स्थित मेचीपारी गाउँमा दुईवटा चितुवाले केही दिनदेखि आतंक मच्चाउन थालेपछि गाउँले त्रसित बनेको वडा सदस्य अरुण राजवंशीले जानकारी दिए । आफ्नै आँखाले चितुवा देखेको भन्दै उनले ‘चितुवा गाउँमा देखिएपछि सुरेश सरियाको चिया बगानको बाटो भएर हिँडडुल गर्न गाउँवासीलाई प्रतिबन्ध लगाएका छौं ।’

गाउँमा हालसम्म चितुवाले एउटा बाछो र बाखा मारेको छ । मानवीय क्षति भने पुऱ्याएको छैन । असोज २६ गते स्थानीय गोग्ला राजवंशीको बाछो लगेको र २८ गते चिया बगानमा बाछोको आन्द्राभुँडी फेला परेको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक दलकुमार राईले जानकारी दिए ।

चितुवाले नै बाखा लगेको हुनुपर्ने स्थानीयको दाबी छ । गाउँमा चितुवा देखा परेपछि डिभिजन वन कार्यालय झापाको टोली त्यहाँ पुगेर स्थलगत निरीक्षण गरेका थिए । निरीक्षण पश्चात् वन कर्मचारीको टोलीले सुरेश सरियाको चिया बगानमा चितुवा समात्ने फलामे पासो थापेको छ ।

# ताप्लेजुङ अस्पतालको स्तरोन्नति शुभारम्भ

**ताप्लेजुङ, कात्तिक ३।** ताप्लेजुङको जिल्ला अस्पतालको स्तरोन्नति कार्य शुरु भएको छ । १५ शय्यादेखि ५० शय्यामा स्तरोन्नति गर्ने कार्य शुभारम्भ गरिएको हो ।

प्रदेश नम्बर १ का सामाजिक विकासमन्त्री बलबहादुर साम्सोहाङले जिल्ला अस्पतालमा आयोजित कार्यक्रममा स्तरोन्नति कार्यको शुभारम्भ गरेका हुन् । प्रत्येक स्थानीय तहमा चिकित्सकको दरबन्दीसहितको संरचना र आवश्यक



दक्ष जनशक्तिको व्यवस्थापन गर्न सरकार लागीपरेको मन्त्री साम्सोहाङले बताए ।

जटिल रोगका लागि मात्र जिल्ला बाहिर उपचारका लागि पठाउनका लागि आवश्यक उपकरण र थप दक्ष जनशक्ति प्रदेश सरकारको समन्वय एक महिनाभित्र जिल्ला अस्पतालमा उपलब्ध गराउने उनले प्रतिबद्धता व्यक्त गरे ।

विगतमा १५ शय्या अस्पताल हुँदा बिरामीको भुइँमै राखेर उपचार गर्दै आएको जिल्ला अस्पतालका डाक्टर अनिता वाइबाले बताइन् । तर, अब ५० शय्यामा भएमा जिल्लामै नागरिकले सहज उपचार पाउने वाइबाको भनाइ थियो ।

# कात्तिक ७ र ८ गते भिटामिन ए र जुकाको औषधि खुवाइने



**झापा, कात्तिक ३।** सरकारले राष्ट्रिय भिटामिन ए कार्यक्रम खुवाउने मिति परिवर्तन गरी ७ र ८ गते सञ्चालन गर्ने भएको छ ।

हरेक वर्ष कात्तिक ४ र ५ गते खुवाउँदै आइरहेको भिटामिन ए र जुकाको औषधि यसपटक दशैं अवधिमा परेकाले ७ र ८ गते खुवाउने निर्णय गरेको गरिएको हो ।

सात सय ५३ वटै पालिकामा छ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई भिटामिन ए र १ देखि ५ वर्षसम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम रहेको छ । बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधि खुवाउन जाँदा जनस्वास्थ्यका मापदण्ड अपनाएर खुवाउन स्वास्थ्य मन्त्रालयले अनुरोध गरेको छ ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस् ।



सम्पर्कः ०२३–५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

**हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

आधुनिक भ्याकुम सिस्टम भएको प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्याक्टीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्कः
९८०८००५२०६/९८७३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

‘स्थानीय साधन स्रोत स्थानीय विकासका लागि’

**जामुनखाडी कृषि सहकारी संस्था लि.**
कनकाई नगरपालिका–२, जामुनखाडी सिमसारको
**छैटौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनमा उपस्थित भई दिने बारेको सूचना**

यस जामुनखाडी कृषि सहकारी संस्था लि. को मिति २०७८/०६/१५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको छैटौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन तपसिलको कार्यतालिका अनुसार सु–सम्पन्न हुने निश्चय भएको हुँदा सम्पूर्ण शेयर सदस्य मानुभावहरुमा अनिवार्य उपस्थितिका लागि अनुरोध गर्दछौं ।

तपसिल
मिति : २०७८/०७/१३ गते शनिबार
स्थान : जामुनबारी सा.व.उ.स. को सभाहल, सिमसार ।
समय : बिहान १०:३० बजे

कार्य तालिका

| सि.नं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०७८/०७/०६ | बिहान १०:०० बजे |
| २ | मतदाताको नामावली उपर दाबी विरोध | २०७८/०७/०६ | बिहान १० बजेदेखि दिनको १२ बजेसम्म |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०७८/०७/०६ | दिनको १:०० बजे |
| ४ | उम्मेदवारको दरखास्त | २०७८/०७/१२ | बिहान ७:०० बजेदेखि १२:०० बजेसम्म |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०७८/०७/१२ | दिनको १:०० बजे |
| ६ | उम्मेदवार उपरको दाबीविरोध | २०७८/०७/१२ | दिनको २:०० बजेसम्म |
| ७ | दाबीविरोध उपर छानविन | २०७८/०७/१२ | दिनको ३:०० बजेपछि |
| ८ | साधारण सभा हुने मिति | २०७८/०७/१३ | बिहान १०:३० बजे |

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६– ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

**सेक्युरिटी गार्ड चाहियो**

सिभिल तथा EX पुलिस, आर्मी
उमेर : २५–५५ वर्ष (महिला/पुरुष)
सम्पर्क :
सेक्टवान सेक्युरिटी सर्भिस प्रा.लि.
बिर्तामोड पश्चिम बस स्टेण्ड दक्षिण
फोन नं. ९८१७९२६३२२,
९८५२६४१७४०,९८२४९८२२९६

**उपकार ब्राण्ड**
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधैं उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बितमोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** व्यवधानका बीच नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू थोरै हुने छन् । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको अवसर प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कामको चाप बढे पनि पहिलेको सफलताले हौसला प्रदान गर्नेछ । अपराह्नदेखि न्यायका लागि सजग रहनुपर्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन् । बेसुरमा दिइएको बचनले समस्या निम्त्याउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** प्रतिस्पर्धाले कर्मयोगको मार्गमा अग्रसर गराउने हुँदा फाइदा हुनेछ । छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारी साथ काम लिनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत धन जुट्नेछ । केही खर्च अप्रत्याशित होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** लामो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । लगानी बढाउनुपरे पनि प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समलाई सजिलै रकममा रूपान्तरण गर्न सकिनेछ । व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ । आयआर्जनका स्रोत बढ्ने छन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** पहिलेको सफलताले हौसला जगाउनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । बलजफ्तीले काम रोकिन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अपराह्नतिर व्यवसायमा लागत बढ्नेछ भने अनियन्त्रित खर्चले मन पिरोलिन सक्छ । पछिका लागि केही त्याग गर्नुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पुराना कामको चर्चा भए पनि प्रतिस्पर्धाको दौडमा पछि परिनेछ । आफ्नैले काममा बाधा पुऱ्याउन सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सामाजिक उत्तरदायित्व प्राप्त भए पनि जिम्मेवारी पूरा गर्न समय लाग्नेछ । अवसरवादीहरूले कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अपराह्नदेखि स्थितिमा सुधार आउनाले काम बनाउन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले विशेष लाभ दिलाउनेछ ।